# लैङ्गिक हिंसा र
# कानूनी उपचार





Government of Nepal

UNDP
Empowered lives.
Resilient nations.

FORMIN.FINLAND.FI
EMBASSY OF FINLAND
KATHMANDU

EMBASSY OF DENMARK, NEPAL

NORWEGIAN EMBASSY

**लैङ्गिक हिंसा र कानूनी उपचार**

प्रकाशकः कानूनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम/युएनडीपी
(Strengthening the Rule of Law and Human Rights Protection System in Nepal Programme (RoLHR)/UNDP

वितरणः निःशुल्क

प्रकाशन प्रतिः ५०००

संस्करणः प्रथम (२०७३ आषाढ)
दोश्रो (२०७३ मंसिर)
तेस्रो (२०७४ आषाढ)

यस पुस्तिकामा लेखिएको कुरा आम नागरिक तथा सम्बन्धीत सरोकारवालाहरूको सामान्य जानकारीका लागि सरल भाषामा लेखिएको छ। यसमा लेखिएका कुराको आधिकारिक जानकारीका लागि सम्बन्धीत ऐन नियम नै हेर्नु हुन अनुरोध छ।

# लैङ्गिक हिंसा भनेको के हो ?



लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्ग को आधारमा कसै प्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्यहरूलाई जनाउछ। लिङ्गको आधारमा हुने कुनै पनि प्रकारको अपमानजनक, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रूपमा महिला, पुरुष वा तेश्रो लिङ्गीलाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै पनि, कार्य यस भित्र पर्छन्।

## लैङ्गिक हिंसा कस्ता कस्ता खालका हुन्छन् ?

- शारीरिक दुर्व्यवहार तथा यातनाः जस्तै कुटपिट, पोली, डामी, दली, घसी जीउमा पीडा गराउने, कुरूप पारिदिने, घरबाट निकाला गर्ने आदि।
- मानसिक यातनाः जस्तै गाली–गलौज, अपमानित गर्ने, डर–धम्की र त्रासपूर्ण व्यवहार, झुट्टा आरोप, तथा मानसिक तथा भावनात्मक चोट पुराउने कार्य आदि।
- यौनजन्य दुर्व्यवहार तथा यातनाः जस्तै यौन दुर्व्यवहार, यौन शोषण, जबर्जस्तीकरणी, देह व्यापारमा लगाउने आदि।
- हानी हुने परम्परागत विभेदपूर्ण प्रचलनहरूः जस्तै वाल विवाह, बहुविवाह, दाइजो प्रथा, देउकी, बोक्सीको आरोप एवं छाउपडी प्रथा आदि।




लैङ्गिक हिंसा अनैतिक, कानून बिपरित एवं मानव अधिकारको उल्लङ्घन हुने कार्य हो। यसले ब्यक्ति, परिवार, समुदाय एवं राज्यलाई ठूलो नोक्सान पुराउँछ। यसलाई निवारण गर्न राज्यले नीतिगत, कानूनी तथा संस्थागत संयन्त्रहरूको पहल गरेको छ। लैङ्गिक हिंसाबाट पिडित ब्यक्तिले अन्याय सहेर बस्नु हुदैन। समाजमा हुने लैङ्गिक हिंसाको बिरोधमा सबै जना जुट्नु जरुरी छ।

# लैङ्गिक हिंसामा को बढी पीडित हुने गर्छ ?



लैङ्गिक हिंसाबाट महिला, पुरुष वा अन्य लिङ्गी जो कोही पनि पीडित हुन सक्छ। हाम्रो सामाजिक संरचनामा शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्ति र निर्णय प्रकृयामा महिलाको कम पहुँच छ। त्यसैगरी श्रोत परिचालन, शक्तिको प्रयोगमा महिलाको कम अवसर छ। पुरुष प्रधान पारिवारिक संरचनामा पुरुषको नियन्त्रण बढी हुन्छ। त्यसैले लैङ्गिक हिंसाबाट बढी महिला पिडित हुने गरेका छन्। तर लैङ्गिक हिंसा भनेको महिला माथि हुने हिंसा मात्र भने होइन।



## के के भएमा महिला विरुद्ध हिंसा भन्ने बुझिन्छ ?



- लिङ्ग पहिचान गरी छोरी भएमा गर्भपतन गराएमा।
- शिशु हत्या, शारीरिक हिंसा तथा खाना तथा स्याहार र स्वास्थ्य सुविधाको पहुँचमा छोरी माथि विभेद गरेमा।
- बालयौन दुर्व्यवहार र शिक्षामा छोरीलाई भेदभाव गरेमा।
- बाल वेश्याबृत्तिमा लगाएमा।
- किशोर अवस्थाका महिलालाई बेचविखनमा पारेमा।
- यौन दुर्व्यवहार, बलात्कार, श्रम शोषण वा जबरजस्ती वेश्याबृत्ति गराएमा।
- बालविवाह, बिना मन्जुरी विवाह गरी दिएमा।
- विवाहपछि पनि घरेलु हिंसा, बैवाहिक बलात्कार, दाइजो/ पेवा जन्य हिंसा, कुटपिट, मानसीक यातना आदि गरेमा।
- बृद्ध अवस्थाका वा एकल महिला माथि दुर्व्यवहार गरेमा,
- डाइन/ बोक्सीको आरोप लगाएमा परिवारबाट बहिस्कार गरेमा, स्याहार सुसारमा वेवास्ता गरेमा आदि।



## किन लैङ्गिक हिंसामा पुरुषहरु कम पीडित हुन्छन् ?

- सामाजिक संरचनामा पितृसत्तामक भएकोले,
- प्राय घरको मूली पुरुष हुने परम्परा र पुरुषको मर्यादा बचाउने प्रबृति भएकोले,
- स्वतन्त्रताको पूर्ण उपयोग गर्न पाउनाले,
- शारीरिक रुपमा पुरुष बलियो हुन्छ भन्ने अवधारणाले,
- आर्थिक स्रोतमा पुरुषको बढी पहुँच र नियन्त्रयण हुने भएकोले,
- सामाजिक मूल्य मान्यता र व्यवहारले पुरुष लाई शक्तिशाली र महिलालाई कमजोर पारी राख्ने परिपाटिले भएकोले ।

## कसरी लैङ्गिक हिंसामा तेस्रो लिङ्गी पीडित हुन्छन् ?



- परिवार र समाजबाट तिरस्कृत भएर,
- परिवारबाट मानसिक तथा शारीरिक यातना पाएर,
- पहिचानको पिडा भोगेर,
- समाजमा जिस्काउने, गिज्याउने व्यवहार सहन परेर,
- राज्यबाट उपेक्षामा परेर ।

## लैङ्गिक समानता र हिंसाको न्यूनिकरण गर्न राज्यले कस्तो व्यवस्था गरेको छ ?



राज्यले हिंसा न्यूनिकरणको लागि चार प्रकारले पहल गरेको छ। ती हुन् :
(१) कानूनी उपचार,
(२) सामाजिक संरक्षण,
(३) सामुदायिक अग्रसरता,
(४) लैङ्गिक हिंसा सम्बोधन प्रणाली ।

## लैङ्गिक विभेद उन्मूलन गर्न नेपालको संविधानमा कस्तो व्यवस्था गरिएको छ ?



नेपालको संविधानमा समानताको हक, महिलाको हक, लैङ्गिक विभेद विरुद्ध कानुनी व्यवस्थाका साथै राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग आदि जस्ता संरचनागत व्यवस्था गरिएको छ।

## लैङ्गिक समानता ल्याउन कानूनमा के के व्यवस्था भएको छ ?



- लैङ्गिक विभेदी ऐनहरु संसोधन गरी लैङ्गिक समानताको प्रयास भएको छ।
- बोक्सीको आरोप (कसुर तथा सजाय) ऐन २०७२,
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४,
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१,
- घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६, जस्ता छुट्टै कानूनको व्यवस्था भएको छ।
- छाउपडी प्रथा उन्मुलन निर्देशिका जारी भएको छ।

## लैङ्गिक हिंसामा चुस्त-दुरुस्त सेवाको लागि के व्यवस्था गरिएको छ ?




(१) लैङ्गिक हिंसा सम्बन्धी उजुरीमा चुस्त-दुरुस्त सेवा प्रदान गर्न प्रहरी कार्यालयमा महिला तथा बालबालिका सेवा केन्द्रहरुको व्यवस्था गरिएको छ।

(२) कानूनी उपचार चुस्त-दुरुस्त नभएमा प्रधानमन्त्री कार्यालयमा स्थापित लैङ्गिक सशक्तीकरण समन्वय इकाइबाट उजुरी व्यवस्थापन र अनुगमन गर्ने व्यवस्था गरिएको छ।

## सामाजिक संरक्षणको लागि के के व्यवस्था गरिएको छ ?



- लैङ्गिक हिंसा विरुद्ध एकिकृत सेवा दिन जिल्ला अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिएको छ। जसबाट लैगिंक हिंसाका पिडितलाई आश्रय दिने, घाइते भए उपचार गर्ने, सामाजिक मनोविमर्श दिने, कानूनी सल्लाह उपलब्ध गराउने र पूर्नस्थापनाको लागि पहल गर्ने काम हुन्छ।
- घरेलु हिंसाका प्रभावित र मानव बेचबिखनबाट पीडितहरूका लागि सेवा तथा पुर्नस्थापना केन्द्रको स्थापना गरी सरकारी, गैरसरकारी संस्थाहरूले सञ्चालनको व्यवस्था गरेका छन्।
- लैङ्गिक हिंसा निवारण कोषबाट आपतकालीन सेवा तथा राहत प्रदान गर्न थालिएको छ।
- निशुल्क कानूनी सहायताको व्यवस्था गरिएको छ।

## सामुदायिक अग्रसरताको लागि के के व्यवस्था गरिएको छ ?



- स्थानीय स्तरमा सचेतना अभिबृद्धि कार्य गरिन्छ।
- निशुल्क कानूनी सहायताको व्यवस्था गरिएको छ।
- घरेलु हिंसा केवल परिवारको समस्या मात्र नभएर सार्वजनिक समस्याको रूपमा स्वीकार गरि बहस पैरवी गर्ने गरिएको छ। यस्ता कामहरू जिल्ला स्तरिय सरकारी तथा गैरसरकारी संस्थाहरूले गर्छन्।

## लैङ्गिक हिंसाको सम्बोधन कसरी गरिन्छ ?





- संबैधानिक तथा कानूनी व्यवस्थाद्वारा
- राज्यले नीति तथा कार्यक्रमद्वारा
- संरचनात्मक व्यवस्था गरेर
- आम नागरिकमा जनचेतना जगाएर
- महिलालाई सशक्तीकरण गरेर

# बोक्सीको आरोप सम्बन्धी कसूर

**बोक्सीको आरोप सम्बन्धी कसूर भनेको के हो ?**

नेपाली समाजमा ब्याप्त व्यक्तिलाई बोक्सी वा बोक्साको आरोप लगाउने, आरोपित व्यक्तिलाई क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा यातना दिने जस्तो अमानवीय कार्यलाई कुरीति तथा अन्धविश्वास ठहर गरेको मात्र होइन कानूनद्वारा दण्डनीय समेत बनाईएको छ ।



**"बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२" ले,**

- बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली वेइज्यती गर्ने,
- बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्य प्रति अपमानजनक व्यवहार गर्ने,
- बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने वा बसोबास गरेको ठाउँबाट निकाला गर्ने,
- धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक आदिद्वारा बोक्सीको आरोप लगाउने,
- बोक्सीको आरोपमा कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी यातना दिने, मलमूत्र खुवाउने, चारपाटा मुड्ने, कुनै ठाँउमा घुमाउने
- बोक्सीको आरोपमा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने, अंगभंग गर्ने, कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गर्ने,
- बोक्सीको आरोप लगाउने कार्यलाई मद्दत पुग्ने उद्देश्यले कुनै भेला गर्ने जस्ता कार्यलाई बोक्सीको आरोप सम्बन्धी कसूर गरेको ठहर्ने कानूनी ब्यवस्था गरेको छ ।
- यस कसूर सम्बन्धी मुद्दा सरकार वादी हुन्छ ।

**हद म्याद, उजुरी तथा दण्ड सजाय सम्बन्धी के ब्यवस्था छ ?**

- कुनै ठाँउमा बोक्सीको आरोप सम्बन्धी कसूर भइरहेको थाहा पाउने जुनसुकै व्यक्तिले सो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्दछ ।
- यस्तो कसूर को उजुरी कसुर गरेको मितिले ९० दिनभित्र दिनु पर्ने हुन्छ ।
- दरखास्त वा सूचना प्राप्त हुन आएमा प्रहरी कार्यालयले चौबीस घण्टाभित्र पीडकलाई झिकाई वा पक्राउ गरी प्रचलित कानून बमोजिम अनुसन्धान तथा तहकिकात गर्ने दायित्व छ ।
- अदालतमा यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिन्छ ।
- बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२" ले कसुर हेरी फरक फरक दण्ड सजायको ब्यवस्था गरेको छ ।

# मानव ओसारपसार तथा बेचबिखन

### मानव ओसारपसार तथा बेचबिखन भनेको के हो ?

- कसैले कसैलाई देह ब्यपारमा लगाउने वा अन्य जाखिमपूर्ण काममा लगाउने उद्देश्यले ललाई–फकाई गरी, प्रलोभनमा पारी, करकापमा पारी, अपहरण गरी वा नक्कली विवाह गरी, कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई आफ्नो नियन्त्रणमा लिई नेपालभित्रको अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने तथा किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने आदि जस्ता कुनै पनि कार्य गरेमा मानव ओसारपसार गरेको मानिन्छ ।
- कसैले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, वेश्यागमन गर्ने जस्ता कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिन्छ ।

### उजुरी सम्बन्धी के व्यवस्था छ ?

- मानव ओसारपसार तथा बेचबिखन कूनन बिपरित कार्य हो । यसबाट पीडित भएमा थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सकिन्छ ।
- यस सम्बन्धी मुद्धा सरकारवादी हुने व्यवस्था गरिएको छ । सरकारवादी मुद्धा हुने भनेको पिडितको पक्षबाट सरकारले मुद्धा लडिदिने भनेको हो ।

### उजुरीकर्ता वा पिडित पक्षको संवेदनशिलता सम्बन्धी के व्यवस्था छ ?



- यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिन्छ । बन्द इजलास भनेको अदालती प्रकृया वा काम कारबाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न पाउने व्यवस्था हो । पिडितको गोपनीयता तथा संवेदनशिलताको अन्य पक्षहरूलाई ध्यानमा राखी न्यायलयले यस्तो व्यवस्था गरेको छ ।

### दण्ड सजायको व्यवस्था कस्तो छ ?

- नेपालमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ कसुर हेरी फरक फरक दण्ड सजायको व्यवस्था गरेको छ । जस्तैः
  (१) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना,
  (२) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना आदि ।

# छाउपडी प्रथा र उन्मूलनका प्रयासहरु




### छाउपडी प्रथा भनेको के हो ?

महिलाहरूको मासिक धर्मलाई विषय बनाई नेपालको मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलका जिल्लाहरूमा सामाजिक विकृतिको रूपमा रहेको छाउपडी प्रथाद्वारा महिलाहरूको स्वास्थ्य र सुरक्षा सम्वन्धी अधिकारको हनन गर्ने कार्य अहिले पनि जारी छ।

यस प्रथा अनुसार पहिलो मासिक धर्म (रजस्वला) हुने बालिकाले ११-१५ दिन सम्म, अरू केटीहरूले ५ दिन सम्म र विवाहिता महिलाले ४ दिन सम्म छाउपडी गोठमा बस्नु पर्ने हुन्छ जुन स्वास्थ्य र सुरक्षाको दृष्टिकोणले जोखिम हुने मात्र होइन महिला विरुद्ध हुने बिभेद र हिंसा हो। मानव अधिकारको ठाडो उल्लंघन हो।

उक्त समयमा सार्वजनिक स्थान (धारो, बाटो, विद्यालय, मन्दिर आदि) प्रयोग गर्न नपाउने साथै पोषणयुक्त खाने कुरा जस्तो दूध, दही, घ्यू आदि खान नहुने मान्यता रहेको छ। यही प्रथा सुत्केरी भएको समयमा (११ दिनसम्म) समेत अवलम्बन गरिने गरिएको छ।

किशोरी र महिलाहरूको जीवनमा यस प्रथाको असर बिभिन्न तरिकाले पर्ने गरेका छन्। जस्तो,

- स्वास्थ्य स्थिति तथा महिलाको शारीरिक र मानसिक स्थिति कमजोर हुँदै जाने,
- विद्यालयमा नियमित अध्ययनमा जान वञ्चित हुने र शैक्षिक स्तरमा नकारात्मक प्रभाव पर्ने
- यौनजन्य अपराधबाट प्रताडित हुने, जनावर, सर्प आदिबाट ज्यान समेत जोखिममा पर्ने आदि।

## छाउपडी प्रथा उन्मुलनको लागि राज्यबाट के पहल भएको छ ?

यस प्रथाको अन्त्यकोलागि मिति २०६२ साल वैशाख १९ गते सम्मानित सर्वोच्च अदालतले महत्वपूर्ण फैसला गरेको छ। सर्वोच्च अदालतको आदेशानुसार नेपाल सरकारले छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४ जारी गरेको छ।

निर्देशिका अनुसार सरकारले तत्कालिन र कार्यक्रम दीर्घकालीन नीति तथा कार्यक्रम अघि सारेको छ।

- घोषित कार्यक्रको कार्यान्वयन र अनुगमनका लागि छाउपडी प्रथा प्रचलनमा रहेका प्रत्येक जिल्लामा जिल्ला विकास समितिको संयोजकमा जिल्लास्तरीय समिति र नगरपालिका/गा.वि.स.को संयोजकमा नगरपालिका /गा.वि.स.स्तरीय समिति गठन हुने ब्यवस्था छ।
- ती समितिहरूले कार्यक्रम संचालन गर्दा कार्ययोजना बनाई संचालन गर्नु पर्नेछ। स्थानीय निकायहरूले उल्लेखित कार्यक्रमलाई आफ्नो बार्षिक कार्यक्रम भित्रै पारेर आवश्यक बजेट विनियोजन गर्नुपर्नेछ।
- छाउपडी प्रथा उन्मुलन गर्नु सार्वजनिक जवाफदेहीको पदमा रहेका व्यक्ति, प्रभावित बालिका तथा महिलाको परिवारका सम्पूर्ण सदस्यहरू, समाजका आमनागरिकको तथा महिला र मानव अधिकारको क्षेत्रमा क्रियाशिल सबैको दायित्व हो।

# कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार

### कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार के हो ?



- यौनजन्य दुर्व्यवहार हुने सम्भावना घर देखि लिएर कार्यस्थलसम्म रहन्छ।
- कार्यस्थलमा कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरूपयोग गरी, कुनै किसिमको दबाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा यौनजन्य दुर्व्यवहारको कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहारको कसुर गरेको मानिने ब्यवस्था कानूनले गरेको छ।
- यसलाई निवारण गर्न नेपालमा राज्यले "कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१" जारी गरिसकेको छ।
- उक्त ऐनले, यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा, अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सूचना प्रविधि, साधन प्रयोग वा प्रदर्शन गरेमा, लेखेर, बोलेर वा इशाराले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा, यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा, यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा त्यस्ता कार्यलाई यौनजन्य दुर्व्यवहारको कसुर मानेको छ।

### दण्ड सजायको ब्यवस्था कस्तो छ ?

कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको ठहरेमा निजलाई कसूरको प्रकृति हेरी छ महिनासम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ।

# घरेलु हिंसा

### घरेलु हिंसा भनेको के हो ?

घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई बुझाउँछ। यसले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत समेटेकोछ। घरेलु हिंसाबाट प्राय महिला र बालिकाहरू पिडित हुने गरेका छन्। प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने उद्धेश्यले कानूनी व्यवस्था समेत भएको छ।

### उजुरी सम्बन्धी के ब्यवस्था छ ?

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने पीडित वा जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय निकाय समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने ब्यवस्था गरेको छ। यस्तो कसूर भएमा कसुर गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्ने हुन्छ। घरेलु हिंसा कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने ब्यवस्था मिलाइएको छ। यसका साथै घरेलु हिंसाका पिडितलाई जिल्ला कानूनी सहायता समितिबाट निशुल्क कानूनी सहायता सेवा उपलब्छ हुन्छ।

### दण्ड सजायको ब्यवस्था कस्तो छ ?

कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने कानूनी ब्यवस्था छ। सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले यस्तो कसूर गरेमा निजलाई थप दश प्रतिशत सजाय हुने ब्यवस्था छ। कसुर हेरी छ महिनासम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ।

# लैंगिक हिंसा र कानूनी सहायता

कानुनको आँखामा प्रत्येक नागरिक समान छन्। व्यक्तिको आर्थिक अवस्था, चेतना स्तर, सामाजिक पृष्ठभूमि, समाजमा विद्यमान शक्ति सम्वन्ध, प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन जस्ता कारणले समाजका सवै तह र तप्काका व्यक्तिहरूको न्यायमा समान पहुँच हुन सकेको छैन।

न्यायमा पहुँच पुग्नबाट असमर्थ त्यस्ता व्यक्तिहरूलाई राज्यले निशुल्क कानूनी सहायता सेवा उपलब्ध गराउने ब्यवस्था मिलाएको छ।

- कानूनी सहायता सम्बन्धी ऐन,२०५४ ले आर्थिक रूपले बिपन्न बर्गलाई यो सेवा उपलब्ध गराउने ब्यवस्था गरेको थियो।
- न्यायमा पहुँच हुन नसक्नुमा आर्थिक अबस्था मात्र कारक तत्व होइन भन्ने कुराको ठहर भैसकेको छ। "लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२" ले घरेलु हिंसा तथा लैङ्गिक हिंसा बाट पीडित ब्यक्तिलाई पनि निशुल्क कानूनी सहायता सेवा उपलब्ध गराउने ब्यवस्था गरेको छ।
- निशुल्क कानूनी सहायता सेवा प्राप्त गर्नको लागि जिल्ला कानूनी सहायता समितिमा दरखास्त दिनु पर्दछ।
- कानूनी सहायता प्राप्त गर्न चाहने व्यक्ति स्वयं दरखास्त फाराम भर्न नजान्ने वा समितिको कार्यालयमा आई दरखास्त फाराम भर्न नसक्ने अवस्थामा रहेछ भने निजले पत्याएको अन्य व्यक्तिले समितिमा दरखास्त दिन सक्ने ब्यवस्था गरिएको छ।

यसरी घरेलु हिंसा तथा लैङ्गिक हिंसा बाट पीडित ब्यक्ति जो कोहीले तथा बार्षिक आम्दानी रु. चालीस हजारभन्दा कम भएका वा द्वन्द पिडित महिलाले निशुल्क कानूनी सहायता सेवा प्राप्त गरी लाभ लिन सक्छन्।




# लैङ्गिक हिंसा भए कानूनी उपचारको लागि उजुरी कहाँ र कहिले गर्ने ?

| हिंसाको प्रकृति | उजुरी गर्ने निकाय | हदम्याद | क्षतिपूर्तीको व्यवस्था |
|---|---|---|---|
| बालविवाह | प्रहरी कार्यालय | थाहा पाएको मितिले ३ महिना | छैन |
| ढाँटी वा जबरजस्ती विवाह | प्रहरी कार्यालय | थाहा पाएको मितिले ३ महिना | छैन |
| बहुविवाह | प्रहरी कार्यालय | थाहा पाएको मितिले ३ महिना | छैन |
| घरेलु हिंसा | प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग, स्थानीय निकाय, जिल्ला अदालत | ३ महिना (९० दिन) | छ |
| दाइजो/तिलक सम्बन्धी हिंसा | प्रहरी कार्यालय | ३५ दिन | |
| अंगभंग हुने गरी कुटपिट | प्रहरी कार्यालय | ३ महिना | उपचार खर्च पाउने |
| सामान्य कुटपिट | जिल्ला अदालत | ३५ दिन | |
| तेजाव जस्ता घातक रसायनबाट हिंसा भएमा | प्रहरी कार्यालय | ३ महिना | उपचार खर्च पाउने |
| आगो लगाउने | प्रहरी कार्यालय | १ वर्ष | |
| जबरजस्ती करणी | प्रहरी कार्यालय | ६ महिना | छ |
| यौनजन्य दुर्व्यवहार (अन्य प्रकृतिको) | जिल्ला अदालत | ३५ दिन | छ |
| कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार | जिल्ला प्रशासन कार्यालय (प्रमुख जिल्ला अधिकारी) | ३ महिना (९० दिन) | |
| मानव बेचबिखन र ओसारपसार | प्रहरी कार्यालय | जहिले पनि | छ |
| गाली बेइजती | जिल्ला अदालत | ६ महिना | छैन |
| बोक्सीको आरोप तथा हिंसा भएमा | प्रहरी कार्यालय | ३ महिना (९० दिन) | हिंसाको प्रकृति अनुसार |

कानूनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम/युएनडीपी

(Strengthening the Rule of Law and Human Rights Protection System in Nepal Programme (RoLHR)/UNDP

Government of Nepal

Empowered lives.
Resilient nations.